# कर्जन्हा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कर्जन्हा, सिरहा

### मधेश प्रदेश, नेपाल

स्थानीय कार्यविधि

# लेङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

Scanned with CamScanner

# कर्जन्हा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८१

नगर कार्यपालिकाबाट पारीत मिति : २०८१

**प्रस्तावना : -**

नेपालको संविधान २०७२ को धारा ३८ को महिला हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि कर्जन्हा नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पिडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवम् प्रभावकारी बनाउनका लागि लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली २०६७ को अधिन एवमे स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगरपालिकाको **लैङ्गिक हिंसा निवारण कोष ( संचालन) कार्यविधि, २०८१** तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम कर्जन्हा नगरपालिकाको **लैङ्गिक हिंसा निवारण कोष ( सञ्चालन) कार्यविधि २०८१** रहने छ ।

(२) यो कार्यविधि कर्जन्हा नगरपालिकाको सभाबाट निर्णय भएपछि हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) **नगरपालिका** भन्नाले कर्जन्हा नगरपालिकालाई सम्फनु पर्छ ।

ख) **कोष** भन्नाले दफा (३) वमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्फनु पर्छ ।

ग) **पिडित** भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्फनु पर्छ ।

घ) **घरेलु हिंसा** भन्नाल कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्फनु पर्दछ ।

ङ) **लैङ्गिक हिंसा** भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्फनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला वा पुरुषलाई स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च) **कोष सञ्चालन समिति** भन्नाले कार्यविधिको दफा (९) वमोजिम गठित समितिलाई सम्फनु पर्दछ ।

**३. कोषको स्थापना : -**

(१) लैङ्गिक हिंसा र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुन: स्थापना गर्ने काम समेतको लागि कर्जन्हा नगरपालिकाले एक हिंसा निवारण गर्ने कोष खडा गर्नेछ ।

(२) कोषमा देहाय वमोजिमको रकमहरु रहनेछन् :

क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

ख) कर्जन्हा नगरपालिकाको आन्तरिक श्रोतबाट छुट्याइएको रकम ।

ग) विभिन्न संघ, संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम ।

Scanned with CamScanner

(घ) अन्य कुनै आन्तरिक वा बाह्य स्रोतबाट प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम,

**४. कोषमा रकम जम्मा गर्ने :-**

कर्जन्हा नगरपालिकाले बार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :-**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न ।

(ख) पीडितलाई औषधि उपचार गर्न ।

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन ।

(ध) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न ।

(ङ) सीपमुलक तालिम प्राप्त पीडितलाइ स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्राप्त गर्न,

(च) प्रभावित पीडितलाई पुनर्स्थापना गराउन ।

(छ) अल्पकालिन लैङ्गिक हिंसा निवारण सुरक्षा सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यको आधारमा सेवा केन्द्र सञ्चालनको लागि रकम प्रदान गर्न,

(ज) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएका भएता पनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थ दुर्व्यसनमा फसेका, सडकमा आएका र मानव बेचबिखनमा परेका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :-**

कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :-**

(१) कर्जन्हा नगरपालिकले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नु पर्दछ ।

(२) कोष सञ्चालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्दछ ।

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार वा पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएकाले कोष सञ्चालन समितिबाट निर्णय गरी पचास हजार रुपियाँ नबढने गरी मनासिब रकम उपलब्ध गराउन सकिनेछ ।

(ख) पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताको आधारमा प्रति व्यक्ति बढीमा

Scanned with CamScanner

पचास हजार रुपैयाँ उपलब्ध गराउन सकिनेछ ।

(ग) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन रु. ३००।- तीन सय रुपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोवास खर्च वापत प्रतिदिन रु. ५००।- पाँच सय रुपैया र उपचार खर्चको यथार्थ खर्च रकम परिस्थिती मुल्याङ्कन गरी उपलब्ध गराउन सकिनेछ ।

(घ) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यन्त्र प्रेषण गर्नु परेमा रु.५०००। पाँच हजार रुपैयाँ नबढ्ने गरी रकम उपलब्ध गराउन सकिनेछ ।

(ङ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा, सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाको दरले यथार्थ खर्च रकम उपलब्ध गराउन सकिने छ ।

(च) पीडितलाई पुनर्स्थापनको लागि बढीमा रु. १०,०००।- दश हजार रुपैया उपलब्ध गराउन सकिनेछ ।

(छ) कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति, आवश्यकता तथा औचित्यताको आधारमा बढीमा दश हजार रुपैया सम्म औचित्यताको आधारमा रकम उपलब्ध गराउन सक्नेछ ।

८. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :-**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने देखिएमा मापदण्डको दफा ७ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग सञ्चालक समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिब आधार देखिएमा दफा (९) बमोजिमको सञ्चालक समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखिएमा सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. **लैंगिक हिंसा निवारण कोष सञ्चालन समितिको गठन :-**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष सञ्चालन समिति रहने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यरत महिला प्रहरी - सदस्य

Scanned with CamScanner

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.स. मध्येबाट संयोजकले मनोनित गरेको २ जना सदस्य - सदस्य

(च) कार्यपालिकाबाट मनोनित १ जना महिला - सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**१०. समितिको काम कर्तव्य र अधिकार :-**

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको उद्धार गर्ने, पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमां कार्यक्रम तर्जुमा गर्ने ।

(ख) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) स्वीकृत कार्यक्रकका लागि कोष परिचालन गर्ने गराउने ।

(घ) स्वीकृत कार्यक्रमका लागि कार्यान्वयन भ/नभएको सम्बन्धमा अनुगमन गर्ने ।

(ङ) स्समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ।

(च) लैगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसंग समन्वय गर्ने ।

(छ) समितिले तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ।

(ज) कोषमा रकम वृद्धिको लागि खोजी गर्ने ।

(झ) लैङ्गिक हिंसा पीडित तथा प्रभावित सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

**११. समितिको बैठक र निर्णय :-**

(१) कोषको संचालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडी समितिका सदस्य सचिवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी, कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(८) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ।

**१२. समितिको प्रशासनिक खर्च :-**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त ब्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

Scanned with CamScanner

**१३. खाता सञ्चालन :-**

(क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नु पर्दछ ।

(ख) उपदफा (क) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुख वा लेखाको जिम्मेवारी प्राप्त व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण :-**

कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१५. कोषको रकम फ्रिज नहुने :-**

कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१६. प्रतिवेदन पेश गर्ने :-**

(१) समितिले प्रत्येक चौमासिक तथा बार्षिक रुपमा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका र केन्द्रिय तत्काल उद्धार तथा राहत समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानिय तहले उपदफा(२) बमोजिमको प्रतिवेदन सार्वजानिक गर्न सक्नेछ ।

**१७. बैठक भत्ता :-**

समितिका संयोजक वा सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले वा अन्य समितिले खाईपाई आए सरह रकम बैठक भत्ता पाउनेछन् ।

**१८. कोषको सचिवालय :-**

कोषको सचिवालय नगर कार्यपालिकाके कार्यालयमा रहनेछ ।

**१९. अभिलेख राख्ने :-**

समितिले आफूले गरेको कामकाजको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२०. निर्देशन दिन सक्ने :-**

(क) कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२१. अधिकार प्रत्यायोजन :-**

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकारी समितिको संयोजक, सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२२. कोष खारेज हुन सक्ने :-**

(क) कुनै कारणवश कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

Scanned with CamScanner

अनुसूची

( नियम १४ को उपनियम (१) सँग सम्बन्धित )

**विषय : सहयोग उपलब्ध गराई पाँऊ ।**

श्रीमान् अध्यक्षज्यू,

स्थानीय तत्काल उद्धार तथा साहत समिति........................ ।

म जिल्ला सिरहा, कर्जन्हा नगरपालिका वडा नं ......... मा बस्ने वर्ष..........को ........................... मिति ...........................................मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ( ............................................................) भएको कारणले मेरो मानसिक, शारीरिक, सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि, उपचार, कानुनी सहायता एवम् परामर्श, उद्धार, मनोविमर्श, स्वरोजगार, पुर्नस्थापना, अन्य...................... कामको लागि उहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट सहयोग उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निबेदक**

नाम, थर : ................................

ठेगाना : ..................

दस्तखत : ..................

मिति : ......................

आज्ञाले,

मनहरि वराल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८१

Scanned with CamScanner